# दार्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सल्यान　　　　कर्णाली प्रदेश

### सातौं गाउँ सभा

मिति :　　२०७७।०३।०८

उपस्थिति विवरण

| क.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री निम वहादुर के.सी. | अध्यक्ष | | |
| २ | टिका शर्मा वली | उपा ध्यक्ष | | |
| ३ | अमृत खडका | नी.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | अमृता वि.क . | सभा सदस्य | | |
| ५ | इन्द्र वहादुर थापा कामी | सभा सदस्य | | |
| ६ | कवि कुमार चन्द | सभा सदस्य | | |
| ७ | कमला कामी | सभा सदस्य | | |
| ८ | चन्द्र वहादुर रावत | सभा सदस्य | | |
| ९ | जय कलि वि.क. | सभा सदस्य | | |
| १० | जुना मल्ल चन्द | सभा सदस्य | | |
| ११ | टिउकी कामी | सभा सदस्य | | |
| १२ | डिल्ली वहादुर के.सी. | सभा सदस्य | | |
| १३ | दुर्गा वहादुर मल्ल | सभा सदस्य | | |
| १४ | देवि खत्री | सभा सदस्य | | |
| १५ | धन वहादुर वुढाथोकी | सभा सदस्य | | |
| १६ | धनि राम नेपाली | सभा सदस्य | | |
| १७. | धर्मे खत्री | सभा सदस्य | | |
| १८ | निम वहादुर खड्का | सभा सदस्य | | |
| १९ | पहल वहादुर खत्री | सभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २० | पूतला खड्का रोकाय | सभा सदस्य | | |
| २१ | पुष्पा सुनार | सभा सदस्य | | |
| २२ | विमला खत्री | सभा सदस्य | | |
| २३ | भूमा वि.क. | सभा सदस्य | | |
| २४ | मन्जु शाहि | सभा सदस्य | | |
| २५ | मोतिलाल वली | सभा सदस्य | | |
| २६ | रत्न वहादुर विष्ट | सभा सदस्य | | |
| २७ | राम वहादुर के.सी. | सभा सदस्य | | |
| २८ | लोक वहादुर कामी | सभा सदस्य | | |
| २९ | सन्ताराम कामी | सभा सदस्य | | |
| ३० | सार्की खत्री | सभा सदस्य | | |
| ३१ | सुदिप के.सी. | सभा सदस्य | | |
| ३२ | सेति राम रोकाय | सभा सदस्य | | |
| ३३ | हिरा खड्का | सभा सदस्य | | |
| | | ~~आमन्त्रित~~ सचिवालय | | |
| ३४ | श्री इन्द्र बहादुर भण्डारी | सचिवालय सदस्य | | |
| ३५ | श्री खुम बहादुर के०सी० | '' | | |
| ३६ | श्री शेर प्रसाद ढकाल | '' | | |
| ३७ | श्री माधव के०सी० | '' | | |
| ३८ | श्री दिपक कवर | '' | | |
| ३९ | श्री लोकेन्द्र विश्वकर्मा | कार्यालय सहयोगी | | |
| ४० | | | | |
| ४१ | | | | |
| | | | | |
| | | | | |

प्रस्तावहरु

१. आ.व. २०७७।०७८ को लागि नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. बजेट, योजना तथा कार्यक्रम प्रस्तुत गर्ने मिति ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा सातौ गरिमामय गाउँसभामा गाउँभा अध्यक्ष श्री निमबहादुर के.सी. ज्यूबाट प्रस्तुत गरिएको समिक्षा सहितको आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रमलाई थप अध्ययन र छलफलको लागि गाउँसभा सदस्यहरुलाई विभिन्न समुहमा विभाजन गरी समुहगत अध्ययन छलफल र विश्लेषण गरी / गराइ आ.व. २०७७।०७८ को लागि प्रस्ताव गरिएको नीति तथा कार्यक्रममा सामान्य संसोधान सहित सर्वसम्मतिले पारित गरियो।.

गाउँ सभाको बैठकमा मिति २०७७ असार ८ गते सोमबार गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

**दार्मा गाउँपालिकाको यस गरिमामय गाउँ सभाका सदस्यहरु,**

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण संघर्ष, महान जनयुद्ध र विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्नेगरी जननिर्वाचित संविधानसभाबाट घोषणा भएको नेपालको संविधान बमोजिम गठित दार्मा गाउँपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभामा दार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । यसक्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहने व्यक्तित्वहरुको स्मरण गर्दै उच्च सम्मान गर्दछु ।

३. नेपाल सरकारले ऐतिहासिक सन्धि, नक्सा तथा प्रमाणका आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको क्षेत्रलाई समेटी नेपालको राजनीतिक र प्रशासनिक नक्सा अद्यावधिक गरी सार्वजनिक गरेकोमा दार्मा गाउँपालिका स्थानीय सरकार धन्यवाद सहित उच्च सम्मान व्यक्त गर्दछ ।

४. विश्वब्यापी रुपमा फैलिएको नोबेल कोरोना भाइरस कोभिड–१९ महामारीले सम्पूर्ण मानवजातिलाई नै आक्रान्त बनाएको छ । यसबाट स्वदेश र विदेशमा ज्यान गुमाएका नेपाली लगायत सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली र शोकाकुल परिवारजन प्रति समवेदना अर्पण गर्दछु । साथै, संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।यस विषम महामारीबाट जीवनरक्षाका लागि यस दार्मा गाउँपालिकाले लिइएको नीति, कार्यक्रम र योजना कार्यान्वयका लागि अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्य कर्मी, सुरक्षाकर्मी, स्वयंसेवक, जनप्रतिनिधि, कर्मचारी, आम जनसमुदाय र आर्थिक तथा भौतिक रुपमा सहयोग गर्ने सबै सहयोगी महानुभावहरुलाई धन्यवाद दिदै थप सतर्कता र संयम अपनाउन समेत अपिल गर्दछु ।

५. आर्थिक वर्ष २०७७।०७८ को नीत तथा कार्यक्रम प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०७६।०७७ र सोभदा अघि यस दार्मा गाउँपालिकाको अवस्था बारे संक्षिप्त रुपमा पुनरावलोकन गर्न चाहन्छु ।

(क) नेपालको संवैधानिक व्यवस्था अनुरुप गठन भएका ७ सय ५३ स्थानीय तहहरु मध्ये दार्मा गाउँपालिका पनि एक हो । प्रथम पटक २०७४ वैशाख ३१ गते भएको पहिलो चरणको निर्वाचन सम्पन्न भई दार्मा गाउँपालिका सरकार गठन भएको तीन वर्ष पूरा भइसकेको छ । पहिलो वर्ष आधार स्तम्भ, दोस्रो वर्ष पूर्वाधार विकास र यो वर्ष पूर्वाधार विकासको तीव्रतासँगै कोभिड १९ को महामारीसँग जुध्नु परेको छ ।

(ख) पहिलो वर्ष अनुभव आर्जनको वर्ष समेत बन्यो । सरकार सञ्चालनका लागि अति आवश्यक नीति कानुन निर्माणका साथै रणनीतिक योजना, गुरु योजना एवम् आधार स्तम्भ खडा गर्ने महत्वपूर्ण काम समेत सम्पन्न गरियो । यसर्थ पहिलो वर्ष समग्र पूर्वाधारको आधारशीला /जग अर्थात् फाउन्डेसन निर्माणको वर्ष बन्यो ।

(ग) निर्वाचन लगत्तै दैनिक कार्य सञ्चालनका लागि पालिका र वडाहरुमा कुनै भौतिक पूर्वाधार थिएन । सूचना प्रविधिको पहुँचबाट दार्मा गाउँपालिका निकै टाढा थियो । पालिकाभित्र बनाइएका सडक लगायतका पूर्वाधारहरु मापदण्डविहीन

थिए । कुनै प्राविधिक इस्टिमेट र DPR बिना सडक खन्दा उब्जाउ योग्य भूमि र गाउँबस्ती उजाड जस्तै बनाइएका थिए । खानेपानीको हाहाकार थियो । अग्ला बस्तीमा रहेका जनताहरु खानेपानी नपाएर काकाकुलको अवस्था थियो । सिँचाइ कुलोहरु प्रर्याप्त नभएको र भएका पनि भत्किए र खेतीयोग्य जमीनमा उत्पादन कम थियो । स्वास्थ्य चौकी सीमित थिए । भएकामा पनि न्यूनतम सेवा सुविधा पनि थिएन । शिक्षण संस्थ धेरै खोलिएको तर शैक्षिक गुणस्तर खस्कदो र सिकाइ उपलब्धी न्यून थियो ।

(घ) यी र यस्तै विभिन्न जटिला, विषमता र अस्तव्यस्तताका बिच २० वर्षपछि संवैधानिक अधिकारसहितको स्थानीय सरकार गठन हुनु एक सुखद एवम् सकरात्मक चुनौति र अवसर दुबै थियो । यो हाम्रा लागि ऐतिहासिक जिम्मेवारी र जनउत्तरदायित्व पनि हो । यस परिस्थिति र अवसरलाई गहिरोसँग आत्मसात गर्दै प्रथमतः दीर्घकालीन सोच र दीगो विकासको लक्ष्यसहित गाउँपालिका स्थापना भएपछिको प्रथम ऐतिहासिक गाउँसभाबाट महत्वपूर्ण नीति तथा कार्यक्रम पेश भई पारित गरिए ।

(ङ) दोस्रो र तेस्रो गाउँसभासम्म आउदा लिफ्ट सिस्टम लगायतका खानेपानी आयोजनाहरुलाई पहिलो प्राथमिकतामा राखियो । गाउँपालिका र प्रदेश सरकारसँगको सहकार्यमा सुनधारी घरबारी सुर्योदय मावि लिफ्ट खानेपानी आयोजना १ करोड ८ लाख, गाउँपालिका र संघीय सरकारको सहकार्यमा जुगेपानी तलछरे काफलनेटा लिफ्टखानेपानी आयोजना २ करोड २२ लाख लगायत संघ, प्रदेश र स्थानीय तहको लगानीमा २० वटा लिफ्ट खानेपानी ५ करोड ९२ लाखमा र २२ वटा खानेपानी ५ करोड २२ लाख गरि कुल ११ करोड १४ लाखको लागतमा सम्पन्न भइसकेका छन् । दार्मा खानेपानी आयोजनाका लागि गाउँपालिकाले गरको DPR अनुसार ४६ करोड ६८ लाख ५० हजार लागत अनुमान रहेकोमा अझैं ३५ करोडभन्दा बढीको लागतमा खानेपानीको माग आपूर्ति गर्नुपर्ने अवस्था रहेको छ । निर्माण भएका आयोजनाको संरक्षण र मर्मत सम्भार आवश्यक रहेको छ । यसका लागि निर्माण सम्पन्न भइसकेका आयोजनाहरु उपभोक्ताहरुलाई हस्तान्तरण गरेर कोष खडा गरि उपभोक्तालाई नै मर्मत सम्भारको जिम्मा लगाउन आवश्यक छ ।

(च) २०७६ कार्तिक २० गते माननीय जलस्रोत तथा उर्जा मन्त्री वर्षमान पुनज्यूको समुपस्थितमा अभूतपूर्व जनसहभागितमा विद्युत उदघाटनको ऐतिहासिक काम सम्पन्न भयो । दार्मा गाउँपालिकाबाट २० किलोमिटर टाढा रहेको विद्युत लाइनलाई तीव्रतापूर्वक विस्तार गरेर दार्मा गाउँपालिकाको केन्द्र फारुला र वडा नं १ को दार्माकोट मैदान, २ नं को मौलेखाली, ३ नं को फारुलाबजार , ४ नं को भलचौर रातामाटा र ६ नं को गोठीवन स्थित कार्यालयसम्म विस्तार गरिएको छ । त्यसैगरी वडा नम्बर २ नम्बरको भुवनटाकुरी र झ्यारीबाङ, ४ नम्बरको मौलोहाले, रतिखोला पुखात रामीडाँडा, ६ नम्बरको बाङगेलाखुरी चिप्ले किमटाकुरा हुँदै ज्यामिरेचौर रुमेगाउँ तथा सिमखोली अरबारे गोठीवन भुर्तिबाङसम्म मुख्य लाईन विस्तार गरिएको छ। साथै वडा नम्बर ५ को त्रिवेणी - ढाँकाडामकोट - अँधेरेखोला हुदै बादने, उम्मेको ढुङगा हुदै निगालपानी र वडा नम्बर ४ को तक्मारा, मालिका लेक हुँदै वडा नम्बर ३ को चम्फुटाकुरा हुँदै धुलखर्क-महिन्यारिसम्म मुख्य लाईन विस्तारका लागि १ करोड ५० लाखको टयान्डर भइसकेको छ । ४ नम्बरको मौलोहाले बजार - रातामाटा, गलाँत ३ नम्बरको फारुला बजार - बाँसठाना गाँङ्गीखोला, २ नम्बरको लिगाछाप लगायतका ठाउँहरुमा शाखा लाईन बिस्तार गरिएको छ । यसमा जम्मा लगानी गाउँपालिकाको १ करोड ३४ लाख, प्रदेशको १ करोड १५ लाख र संघको १ करोड ७२ लाख लागत रहेको छ । संघर प्रदेश बाहेक गाउँपालिकाको लगानीमा मात्र लाईनका १ सय ३२ वटा पोल, ४ वटा ट्रान्समिटर सहित १२ किलोमिटर

विद्युतिकरण गरिएको छ । दार्मा गाउँपालिकालाई पूर्ण विद्युतिकरण गर्न DPR सम्पन्न भइसकेको छ । यसका लगि ११ करोड ७६ लाख लागत आवश्यक छ ।कार्यपालिकाको निर्णय र उक्त DPR को प्रतिलिपिसहित संघीय उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयमा पेस गरिसकिएको छ । कर्णाली प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयमा पनि विशेष ध्यानाकर्षण गरिएको छ ।

(छ) यस दार्मा गाउँपालिका भित्र बिना मापदण्ड बनाइएका छ दर्जन बढी सडकहरुलाई मापदण्डअनुसार आवश्यकता पहिचान गरि पालिका सडक, बस्ती सडक र कृषि सडकका रुपमा वर्गीकरण गरिएको छ । यसलाई अझै व्यवस्थित गर्न दार्मा गाउँपालिकाको सडक तथा यातायात गुरुयोजना MTMP तयार गरिएको छ । १ करोड ९८ लाखको लगानीमा १० किलोमिटर लम्बाइ रहेको गाउँपालिकाको केन्द्रमा आउने छोटो सडक; मौलोहाले-फारुला सडकको स्तरउन्नोति गरिएको छ । वडा नम्बर ५ को ढाँकाडामकोट देखि वडा नं २ को झ्यारीबाङ हुदै गाउँपालिकाको केन्द्र फारुलाबाट वडा नम्बर ३ को तिमिलकाँडासम्म गाउँपालिका र प्रदेशको समपूरक २ करोड १० लाख बजेटमा २२ किलोमिट लम्बाइ रहेको सहिद सत्यभद्र मार्ग स्तरवृद्धिको जारी छ। यी लगायत पालिका स्तरका महत्वपूर्ण सडकहरुको मर्मत सम्भार तथा स्तरवृद्धि गरिएको छ । जसअनुसार गएको तीन वर्षमा ७८ किलोमिटर स्तरवृद्धिका साथै नयाँ निर्माण र २ सय ३७ किलोमिटर मर्मत सम्भार गरिएको छ ।

(ज) रारेचौर/बाङ्गेलाखुरी - सेताढाँर - फारुला सडक खण्ड अन्तर्गत पर्ने दार्माखोला सडक पुलमा कर्णाली प्रदेश सरकारबाट ३ करोड ५६ लाख बजेट विनियोजन भई निर्माण कार्य सुरु गरिएकोमा दार्मा खोला सडक पुल ठेकेदारको लापरवाहीका कारण अलपत्र परेको छ । गाउँपालिकाभरि दुई दर्जभन्दा बढी ठाउँमा झोलुङगे पुल अति आवश्यक छन् । अघिल्लो आर्थिक वर्षमा स्वीकृत भई बजेट विनियोजन भएका वडा नम्बर २ को सिलिङ्गीखोला झोलुङ्गे पुल र वडा नम्बर ३ को खलटाकुरीबाट स्थानान्तरण भई वडा नम्बर ४ को रातामाटा बाटुलेचौर झोलुङ्गेपुल ठेक्का टेन्डर भई सम्झौता समेत भएकोमा काम सुरु हुन सकेको छैन । ठेक्काको काम छिटो सुरु गर्न र बाँकी रहेका स्वीकृत योजनाहरुमा बजेट विनियोजन गर्न आवश्यक छ । यसका लागि संघ र प्रदेश सरकारको ध्यानाकर्षण गर्दछु ।

(झ) उत्पादन वृद्धि गरि किसानहरुको आम्दानी बढाउन हालसम्म २ करोड ४१ लाखको लागतमा १ सय ३ वटा सिंचाइ योजनाहरु निर्माण गरिएको छ । सिंचाइ क्षेत्रको विकासका लागि DPR गर्न, लगानी बढाउन र किसानहरुको सहभागिता आवश्यक छ ।

(ञ) यस दार्मा गाउँपालिकामा हालसम्म गाउँपालिकाको अस्थायी प्रकारको प्रशासनिक भवन, स्वास्थ्य तथा प्रसुती भवन, सहकारी भवन, विद्यालय भवन लगायतका १४ वटा संरचनाहरु ३ करोड ५० लाख लागतमा सम्पन्न भएका छन् ।

(ट) दार्मा गाउँपालिकाभित्र रहेका २४ जना लगायत देश भरिका सहिदहरुको सम्मान र सम्झनामा दार्मा गाउँपालिका स्तरीय सहिद स्मृति रंगशाला निर्माणका लागि खेल मैदान निर्माण कार्य भइरहेको छ । गाउँपालिका र संघीय सरकारको ८२ लाखको लागतमा उक्त खेलमैदानको निर्माण सम्पन्न हुनेछ ।

(ठ) नेपाल टेलिकमको टावर क्षमता कमजोर भएको र द्रुत गतिको इन्टरनेट सेवा नहुँदा ठूलो समस्या झेल्नु परेको छ । यसका लागि पर्याप्त पहल गरिए पनि सम्बन्धित निकायको हालसम्म सुनुवाई भएको छैन ।

(ड). सरकार सञ्चालनका लागि आवश्यक पर्ने दर्जनौं ऐन नियम निर्देशिका पारित भई स्थानीय राजपत्रमा प्रकाशन गरि कार्यान्वयनमा आएका छन् । यसले दैनिक प्रशासन सञ्चालन र कार्यसम्पादनमा सहजता पैदा गरेको छ ।

(ढ) डिजिटल दार्माको अवधारणसहित दार्मा गाउँपालिकाको डिजिटल प्रोफ्राइल तयार गरिएको छ । गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी र माध्यमिक विद्यालय लगायतका सार्वजनिक संस्थाहरुलाई प्रविधिमैत्री बनाउन इन्टरनेट इ-हाजिरी लगायतका प्रविधिहरु सञ्चालनमा ल्याइएको छ । डिजिटल नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, जनतासँग स्थानीय सरकार कार्यक्रम, योजना निर्माण, बजेट निर्माण र कार्यान्वयनमा जनसहभागिता, सूचना सम्प्रेषणका लागि विभिन्न रेडियो कार्यक्रम लगायतका जनपक्षीय गतिविधि र कार्यक्रमहरुबाट सुशासनको अभ्यास गरिएको छ ।

(ण). न्यायिक समिति सक्रिय भएर आफ्नो अधिकार क्षेत्रभित्रका उजुरी मुद्धाहरु किनारा गरिरहेको छ । आम समुदायमा न्याय र कानुनी शासनको प्रत्याभूति भइरहेको छ ।यस वर्ष

(त) शिक्षा क्षेत्रमा पूर्वाधार निर्माणका अतिरिक्त आवधिक शैक्षिक कार्ययोजना अद्यावधिक गरिएको छ । शैक्षिक पुर्नसंरचना कार्यदल गठन गरेर सुझाव अनुमोदन गर्दै विद्यालय समायोजन, दरबन्दी मिलान, स्थानीय पाठक्रम निर्माण, पाठयोजना सहितका शिक्षण क्रियाकलापमा जोड, प्रविधिमैत्री सिकाइ लगायतका शैक्षिक कार्यक्रममा जोड दिइएको छ । बिना भौतिक आधार र शैक्षिक उद्देश्य खोलिएका शिक्षण संस्थाहरुलाई मापदण्ड अनुसार एक आपसमा समायोजन गरेर पूर्वाधार विकास र शैक्षिक उपलब्धी वृद्धि गर्ने लक्ष्य लिइएको छ । शिक्षालाई श्रम र उत्पादनसँग जोड्दै उद्यमशील र प्रविधिमैत्री बनाउनु अबको आवश्यकता हो ।

(थ) पालिकामा रहेका तीन वटै स्वास्थ्य चौकीको स्तरवृद्धि गरिएको छ । ल्यावसेवा सञ्चालनमा ल्याइएको छ । तीन वटा आधारभूत स्वास्थ्य केन्द्र र दुई वटा सामुदायिक स्वास्थ्य इकाइ विस्तार गरेर प्रभावकारी रुपमा सञ्चालन गरिएको छ । गाउँपालिकाको अनुदानमा एम्बुलेन्स सेवा सञ्चालन भएको छ । गाउँपालिकालाई पूर्ण खोपयुक्त घोषणा गरि पूर्ण खोप सुनिश्चिताको कार्यक्रम अगाडि बढाइएको छ । वडा नम्बर ५ को त्रिवेणी स्वास्थ्य चौकीमा सबुज गण सिमखर्क व्यारेकको आर्थिक प्राविधिक सहयोगमा र वडा नम्बर ३ को फारुलामा बहिरग सेवा सहितको प्रसुति सेवा भवन निर्माण कार्य अन्तिम चरणमा छ । ती ठाउँमा आधारभूत स्वास्थ्य सुविधा सहितको सेवा सञ्चालन गर्न आवश्यक छ ।पालिका स्तरीय अस्पताल स्वीकृति र जग्गा प्राप्ती भई पूर्वाधार निर्माणको काम अगाडि बढेको छ । यसलाई सुविधायुक्त पालिका अस्पातलका रुपमा विकास गर्न आवश्यक छ ।

(द) वन वातावरण संरक्षण र पर्यटनका क्षेत्रमा सकरात्मक प्रयासहरु सुरु भएका छन् । दार्मा गाउँपालिकाको सुन्दर प्राकृतिक छटाले भरिपूर्ण मालिका क्षेत्र पर्यटन पूर्वाधार विकासका लागि DPR को कार्य सम्पन्न गरिएको छ । महान सहिदहरुको सम्मान र सम्झनामा दार्मा गाउँपालिकाको केन्द्र फारुलामा सहिद स्मृतिद्वार निर्माण गरिएको छ । जलाधार तथा जैविक विविधता संरक्षणका लागि वन तथा वन्यजन्तुको सिकार, चोरीलाई प्रतिबन्ध गरिएको छ । जंगल क्षेत्र र जंगली पशुपंक्षीहरुको वृद्धि भइरहेको छ । पालिकाभित्र रहेका धार्मिक पर्यटकीय एवम् पुरातात्विक सम्पदाको संरक्षण सम्वर्धन गरिएको छ । वातावरणीय अनुकूलन र जीविकोपार्जन, स्वास्थ्य र सरसफाइका क्षेत्रमा आशा परियोजना नेपाल, रेडक्रस, दलित सेवा संघ सल्यान, हेल्थ फर लाइफ, सु-आहारा, स्वच्छता परियोजना लगायतका गैरसरकारी संघसंस्थाहरुसँगको सहकार्य अगाडि बढाइएको छ ।

(ध) महामारी रोकथाम, रोजगारी सिर्जना, उद्यम विकास, खाद्यन्नमा आत्मनिर्भर बनाउँदै समग्र भौतिक पूर्वाधारको विकास अहिलेको मुख्य आवश्यकता हो । महामारी, प्राकृतिक प्रकोप तथा सिप दक्षता र योग्यताको कमीका कारण थुप्रो अदक्ष र केही दक्ष जनशक्ति बेरोजगार छन् । थपिने क्रम जारी छ । न्यूनतम आवश्यकता परिपूर्तिका लागि देशभित्र भारत र तेस्रो मुलुकमा गरेर करिब ३ हजार मजदुर श्रम बजारमा भौतारी रहेका छन् भने गाउँपालिकाभित्र करिब ५ हजार सूचिकृत बेरोजगार मौज्दाज छन् । यो सबै शक्तिलाई पूर्वाधार विकास उत्पादन, उद्यम मार्फत रोजगार सिर्जना गर्नु र आम्दानी बढाउनु अहिलेको प्रमुख जिम्मेवारी हो ।उत्पादन योग्य भूमि र उत्पादन कार्य गर्न सक्ने जनशक्ति हुँदाहुँदै पनि परम्परागत टुक्रे उत्पादन प्रणालीका कारण गाउँपालिका भित्रको आम्दानी र उत्पादनले थेग्न सकेको छैन । त्यसैले व्यसायिक तरिकाले उत्पादन र आम्दानी बढाउन अति आवश्यक छ ।

(न) बालविवाह, छुवाछुत, महिला हिंसा, बाल श्रम शोषण, मदिरा सेवन तथा विक्रिवितरण, अन्धविश्वास, कुसंस्कार, कुरीति लगायतका सामाजिक सांस्कृतिक विकृति विसङ्गति विरुद्धको हाम्रो संघर्ष पनि जारी छ । अझै यो जटिल समस्याका रुपमा खडा छ ।सामाजिक जागरण र उत्थानका लागि अझै धेरै गर्नु छ ।

(प) दार्मा गाउपालिकाबाट कोरोना भाइरस (covid 19) को रोकथाम तथा नियन्त्रणण लागि गरिएका प्रयासहरुको विवरण यस प्रकार छ :

- गाउँपालिकामा कार्यरत जनप्रतिनिधि र कर्मचारीहरुको सहभागितामा कोराना भाइरसको रोकथाम तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण ।
- प्रमुख प्रशासकीय अधिकृत अमृत खड्काको संयोजकत्वमा पालिका स्तरमा ९ सदस्यीय द्रुतप्रतिकार्य टोली (RRT) गठन ।
- प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा ५ सदस्यीय वडा स्तरीय द्रुतप्रतिकार्य टोली (WRRT) गठन ।
- RRT र WRRT को सक्रियतामा भारत लगायतका अन्य मुलुक र देशभित्रका विभिन्न जिल्लाहरुबाट घर फर्केका व्यक्तिहरुको नियमित तथ्याङ्क संकलन ।
- गाउँपालिका अध्यक्ष श्री निमबहादुर केसीको संयोजकत्वमा ३१ सदस्यीय पूर्व तयारी तथा प्रतिकार्य समन्वय समिति (PRCC) गठन गरि क्रियाशिल भइरहेको ।
- प्रत्येक वडामा वडा अध्यक्षको संयोजक र वडा सचिव सदस्य सचिव रहने गरि विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुख, समाजसेवी र बुद्धिजीविहरु रहेको पूर्व तयारी तथा प्रतिकार्य समन्वय समिति (WPRCC) गठन गरि क्रियाशिल भइरहेको ।
- PRCC र WPRCC को नियमित रुपमा साप्ताहिक समीक्षा तथा आगामी हप्ताको योजना तयारी र कार्यान्वयन ।
- देश बाहिर र भित्रका विभिन्न जिल्लाहरुबाट आएका र स्वदेश भित्र र विदेशबाट आउने सम्भावित व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने, होम क्वारेन्टाइमा बसेकाहरुको निगरानी र सचेतिकरण, भीडभाड लगायतका निषेधित गतिविधि गरेको पाइएमा सोको सूचना WPRCC लाई गराउने उद्देश्यले एक सदस्यले बढीमा ५ घरपरिवारको निगरानी गर्नेगरि ५ देखि ९ सदस्यीय १ सय ३८ वटा खोजी तथा निगरानी टोली (RMT) गठन गरि ९ सय ९८ को संख्यामा स्थानीय तहका जनप्रतिनिधि, शिक्षक, बुद्धिजीवि, कर्मचारी, युवा, सबै राजनैतिक दलका कार्यकर्ता परिचालन गरिएको ।

- भारत लगायत तेस्रो मुलुक र स्वदेश भित्रका विभिन्न जिल्लाहरुबाट घरफर्केका व्यक्तिहरुको विवरण नियमित रुपमा संकलन गरि सम्बन्धित निकायमा पठाउनुका साथै सार्वजनिक गर्ने गरिएको छ ।
- समुदाय स्तरमै जिल्ला बाहिरबाट आएका व्यक्तिहरुको व्यस्थापनका लागि सामुदायिक क्वारेन्टाइनको व्यवस्था गरिएको बाहिरबाट आएका नागरिकहरुको लागि २८ सामुदायिक विद्यालयहरुमा ७००। बेड संख्या रहेको हाल ३८ जना बसेको ।
- क्वारेन्टइमा बस्नेहरुका लागि प्रतिव्यक्ति १४ दिनको लागि १० किलोग्राम चामल, १.५ दाल, आधा लिटर तेल, नुन, मसला, तरकारी आदिको व्यवस्था गरिएको ।
- अति विपन्न ३७ घरपरिवारलाई प्रति घरपरिवार २५ किलो चामल, डेढ किलो दालको १ केजी नुन उपलब्ध गराइएको ।
- कोरोना भाइरस रोकथाम तथा व्यवस्थापनको लागि पालिका स्तरमा गठित विभिन्न समितिको हालसम्म १२ वटा बैठक बसी विभिन्न निर्णय गरिएको ।
- राहत वि तरणका लागि तपसिल बमोजिमका मापदण्ड निर्धारण गरिएको

  १. दिनभर काम गरेर साँझ बिहानको छाक जुटाउने

  २.आफ्नो बारीको उत्पादनले दुई महिना भन्दा बढी खाना नपुग्ने ।

  ३.जागिरी, पेसा, व्यवसाय, खेतबारी, वैदेशिक रोजगारी नभएको

  ४. विपन्न एकल महिला, विपन्न अपाङ्ग, विपन्न दीर्घ रोगी, विपन्न जेष्ठ नागरिक

  ५.अनाथ तथा असहाय बालबालिका ।
- राहत वितरण मापदण्डअनुसार RMT ले ४ सय ८४ घरपरिवार संकलन गरि WPRCC समक्ष सिफारिस गरेको ।
- राहत वितरण कार्यलाई पारदर्शी, विवादरहित तरिकारले वितरण गर्न राहत पाउन योग्य परिवारहरुको नाम सार्वजनिक गरि दाबिबिरोध गर्न पाउने व्यवस्था मिलाइएको ।
- आवतजावतलाई रोक तथा लक डाउनलाई पूर्ण रुपमा कार्यान्वयनका लागि पालिका विभिन्न ९ वटा नाकाहरुमा कर्मचारी र स्वयंसेवकहरुलाई चौबिसै घण्टा परिचालन गरिएको ।
- दार्मा गाउँपालिकाको क्षेत्रभित्रका नागरिकहरुलाई नोबेल कोरोना भाइरस कोभिड १९ को रोकथाम तथा व्यवस्थापनका लागि 'कोरोना भाइरस संक्रमण रोकथाम तथा व्यवस्थापन कार्यविधि २०७६' पारित गरि कार्यान्वयन गरिएको ।
- कोरोना भाइरस रोकथाम तथा व्यवस्थापनका तथा उपचारमा खटिने स्वास्थ्यकर्मीका लागि आवश्यक पर्ने स्वास्थ्य तथा सुरक्षा कवच सामग्री खरिद गरिएको :
- स्वास्थ्य संस्थाहरुमा फिभर क्लिनिक अर्थात् ज्वरो उपचार कक्ष सञ्चालन गरिएको ।

- विश्व महमारिको रुपमा फैलिएको र नेपाल पनि कोरोना भाइसको उच्च जोखिममा रहेको अवस्था मध्यनजर गरि रोकथाम तथा आउन सक्ने संकट व्यवस्थापनका लागि दार्मा गाउँपालिका स्थानीय तह प्रकोप विपत खाता नबिल बैङ्क लि. शाखा दार्मामा सञ्चालन गरि हालसम्म ६६ खर्च समेत भइसकेको छ
- पालिकाको प्रकोप विपत खातामा सहयोग रकम जम्मा गर्नका लागि स्वदेश तथा विदेशमा रहेका सहयोग गर्न इच्छुक नागरिकहरुलाई अपिल गरिएको ।
- दार्मा गाउपालिका स्थानीय तह प्रकोप व्यवस्थापन कोष खातामा जनप्रतिनिधिहरुले २ हजार ५ सय देखि २० हजार सम्म र कर्मचारीहरुको ५ दिन बराबरको तलब जम्मा गर्ने निर्णय गरिएको ।
- क्वारेन्टाइन व्यवस्थापन र लकडाउनका कारण दैनिक ज्याला मजदुरीमा जीवन निर्वाह गर्ने, अति विपन्न, एकल महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका घरपरिवारलाई राहत दिने गरि दैनिक उपभोग्य सामग्री चामल ३१ टन, दाल ३.५ टन, तेल ५ सय लिटर, ८ सय किलो आयोडिनयुक्त नुन खरिद गरिएको ।
- सहज तरिकाले सुपथ मूल्यमा सबै नागरिकलाई घरदैलोमै खाद्यन्न आपूर्ति गर्न आवश्यक प्रक्रिया पुर्याएर तीन वटा सहकारी संस्था मार्फत २४ सय ६९ घरधुरीलाई १ सय १० टन चामल, २१ क्विटल नुन र ३ हजार लिटर तेल विक्रिवितरण गरिएको ।
- कामकाजको सिलशिलामा स्वदेशका विभिन्नका विभिन्न जिल्ला, भारत लगायत तेस्रो मुलुक साउदी, कतार र मलेसियाबाट घरफर्केका मध्येबाट स्वाबको नमुना संकलन गरी समयमा नै पीसीआर परीक्षण गरिएको
- मिति २०७७ वैशाख ४ गते यता भारत र स्वदेशका विभिन्न जिल्लाबाट घर फर्केका ३ सय ४९ जनाको RDT परीक्षण गरि रिपोर्ट हेर्दा संक्रमण नभएको र हाल आरडिटीको विश्वासनीयतामा प्रश्न उठेको हुदा परिक्षण गर्न बन्द गरिएको छ ।
- कोरोना भाइरसको शंकास्पद लक्षण देखिएका बिरामीहरुलाई तोकिएको अस्पतालसम्म निशुल्क रुपमा पुर्याउन एम्बुलेन्सको व्यवस्था गरिएको ।
- ईलाका प्रहरी कार्यालय फारुलाचौरलाई कोरोना भाइरसको रोकथामका लागि प्रचारप्रसार तथा अनुगमन र अवैध कार्य नियन्त्रणका लागि सहयोग गर्न पालिकाले गाडी भाडामा उपलब्ध गराएको ।
- लकडाउनको समयमा लकडाउनको उलङ्घन गर्दै अवैध रुपमा अवैध सामान लिएर झुल्नेटा रुकुमपश्चिमबाट झ्यारीबाङ आउदै गरेको गाडी RMT को सूचनाको आधारमा मिति २०७७ वैशाख १ गते राति ११ बजे ईलाका प्रहरी कार्यालय फारुलाचौरबाट गएको प्रहरी टोलीले नियन्त्रणमा लिई एक हप्ता राखेर सामान सिल गरेर गाडी फिर्ता पठाइएको ।
- लकडाउन नतिजा हेर्न सहजताका लागि कक्षा ८ र ५ को परीक्षा मोबाइल सिस्टमबाट हेर्ने प्रबन्ध मिलाइएको ।
- स्वदेशका विभन्न जिल्ला र भारतबाट समुहमा मिलेर आएका ४९० जना नागरिकहरुलाई उद्दारको लागि गाडीको व्यवस्थापन गरिएको ।

**समस्याहरु**

- अतिआवश्यक स्वास्थ्य सामग्रीहरु सहज रुपमा पाउन नसकिएको ।
- स्वास्थ्य सामग्रीमा खरिद लागत बढेको ।
- बाहिरबाट घरफर्केका नागरिकहरुलाई मापदण्डअनुसारको क्वाइन्टाइन बनाउन समस्या रहेको ।
- जनस्तरमा लापरवाहीका कारण निषेधित निर्देशनहरु कार्यान्वयन गराउन कठिनाइ रहेको ।
- कोरोना भाइरस रोकथाम, व्यवस्थापन र पूर्वतयारीका लागि आर्थिक अभाव ।
- आइसियूलेसन स्थापनाका लागि पालिका स्तरमा अस्पताल नहुनु ।
- इलाका प्रहरी कार्यालयमा जन शक्तिको अभाव
- दार्मा वडा नं. ५ र ६ टाढा भएकोले अस्थायी प्रहरी पोष्ट बनाउनु पर्ने

६. नेपालको संविधान, २०७२ मा व्यवस्था गरिएका मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिहरु, पन्ध्रौ आवधिक योजना, कर्णाली प्रदेश सरकारको आवधिक योजनाको आधारपत्र, दिगो विकास लक्ष्य लगायत नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धताहरुलाई आत्मसात गरी त्यसैको मर्मभित्र रही नीति तथा कार्यक्रम तय गरी लागू गरिनेछ ।

७. यस आर्थिक वर्षको मुल नारा रोकौं महामारी, उठाऔं पूर्वाधार, बढाऔ उत्पादन बनौं स्वरोजगार तय गरिएको छ ।

८. कोभिड १९ महामारीलाई उच्च प्राथमिकता दिइ यसको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारको व्यवस्था गर्दै पालिकाभित्र आवश्यक औषधीजन्य सामग्रीको सहज आपूर्ति र उपलब्धता सुनिश्चित गरि महामारीबाट जनतालाई सुरक्षित राखिनेछ ।

९. सबै नागरिकलाई सुरक्षित राख्न जनस्तरमा मनोसामाजिक परामर्श सहितका सचेतनामूलक कार्यक्रम सञ्चालनका साथै घरेलु उपचार विधिबाट रोग प्रतिरोधी क्षमता बढाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

१०. स्वास्थ्य क्षेत्रको सबलीकरण गर्न पालिकाले आधारभूत स्वास्थ्य सेवा र खोप सेवाको सुनिश्चिता, औषधी एवम् उपकरणको उपलब्धता, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य पूर्वाधार विकास, स्वास्थ्यकर्मीको उपलब्धता, स्वास्थ्यकर्मी तथा स्वास्थ्यसँग सम्बन्धित सबै जनशक्तिको क्षमताविकास, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, दीर्घ रोगीलाई उपचार तथा नियमित औषधी सेवनको व्यवस्था, पोषण कार्यक्रम, स्वच्छ र सन्तुलित आहार सरसफाई र स्वास्थ्य सचेतना, एम्बुलेन्स सेवा, औषधी तथा स्वास्थ्य सामग्री भण्डारण कक्ष जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखि सञ्चालन गरिनेछ ।

११. गुणस्तरीय, आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकहरु विशेष गरि विपन्न, दलित, अपाङगता भएका व्यक्ति, महिला, बालबालिका, सिमान्तकृत, जेष्ठ नागरिक समेतको पहुँच वृद्धि गर्ने कार्यक्रमहरु लागू गरिने छ ।

१२. गाउँपालिकामा क्षेत्रको वस्तुगत अध्ययन गरि आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक मानव संसाधन विकास कार्ययोजना तयार गरि प्राथमिकता र आवश्यकताको सिद्धान्तअनुसार क्रमिक रुपमा लागू गर्दै लिइने छ । स्वस्थ जीवनशैलीतर्फ प्रोत्साहन गर्नका लागि समुदाय स्तरमा सामाजिक परिचालनका माध्यमद्वारा स्वास्थ्य जागरण तथा प्रवर्दनात्मक कार्यक्रम जारी गरिनेछ ।आयुर्वेद उपचार पद्धतिलाई अवलम्बन गरिनेछ ।

१३. पालिकाको केन्द्रमा बहिरंग सेवा सहितको प्रसुति सेवा दिने उद्देश्यसहित यस आर्थिक वर्षदेखि आधारभूत सुविधासहितको अस्पताल सञ्चालनमा गरिनेछ । पूर्ण सरसफाईयुक्त गाउँपालिकाको कार्यक्रम अगाडि बढाइनेछ । पालिका स्तरको एक सुविधायुक्त अस्पताल बनाउन आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१४. पाठ्यपुस्तक रहित पाठ्यक्रम सहित कक्षाकोठामा शिक्षक प्रवेश अभियान सञ्चालन गरिनेछ । विद्यार्थी संख्या अधिक र शिक्षक संख्या न्यून भएका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात मिलाउन गाउँपालिका स्तरबाट स्वयंसेवक शिक्षक खटाइने छ । नक्साङकनको आधारमा विद्यालय समायोजन एवम् पुनः वितरणको नीति लिइने छ । विद्यालय शिक्षामा नवीनतम सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाइ जोड दिइने छ ।माध्यमिक तहमा अनिवार्य विषयहरूको दोहोरो कुराकानी हुने भर्चुअल कक्षा सञ्चालन गरिनेछ । शिक्षालाइ व्यवहारिक बनाउन प्रयोगात्मक बनाउनुका साथै प्राविधिक धारका विद्यालय सञ्चालनलाई प्राथमिकता दिइ अनुदान प्रोत्साहन दिइने छ । दार्मा गाउँपालिकाको स्थानीय पाठ्यक्रम २०७७ को मर्मअनुरूप प्रत्येक विद्यालयमा पोषण बगैचा बनाइनेछ । शिक्षकको पेसागत क्षमता प्रवर्धन गर्नुका साथै कार्यसम्पादनमा आधारित पुरस्कार र दण्डको नीति लिइने छ ।अनुगमनलाई प्रभावकारी बनाउन मासिक रूपमा एक दिन विद्यालयमा जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिने छ ।

१५. सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुरस्कार र खराबलाई दण्डको अवधारणा अनुरुप उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरुलाई वार्षिक रुपमा सम्मान सहित पुरस्कृत गर्ने र कार्यसम्पादन न्यून रहेका गैर जिम्मेवार रुपमा प्रस्तुत हुने र पदीय जिम्मेवारी, दायित्व र आचरण विपरित कार्य गर्ने शिक्षक र कर्मचारीलाई दण्डित गरिनेछ ।

१६. साहित्य, कला, संस्कृति, सङगीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाइ प्रोत्साहन गरिनेछ । समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुछ, कुरीति, लैंगिक हिंसा, विभेद र बिषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइने छ ।

१७ गत आर्थिक वर्षमा रकम अभाव र कोभिड-१९ का कारण सम्पन्न हुन नसकेका नयाँ र क्रमागत योजनालाई प्राथमिकतामा राखिनेछ । उत्पादन बढ्ने र रोजगार सिर्जना हुने योजना तर्जुमा गरिनेछ ।

१८. खानेपानीको चरम समस्या रहेको बस्तीहरुमा संघ, प्रदेश र स्थानीय सरकारसँगको सहकार्यमा योजना सञ्चालन गरिने छ । यसका लागि आवश्यक नीति नियम र कार्यविधिको विकास गरिने छ ।

१९. खानेपानी र सिंचाइका नयाँ र साना योजना निर्माणमा प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरिनेछ ।त्यसका लागि निर्माण सामग्री गाउँपालिकाले उपलब्ध गराउने र श्रमको काम प्रधानमन्त्री रोजगारबाट परिचालन गरिनेछ ।

२०. खानेपानी सुरक्षा आयोजना सञ्चालन गरिनेछ । निर्माण सम्पन्न भइसकेका खानेपानी आयोजनाहरु उपभोक्तामा हस्तारण गरि तिनको संरक्षण तथा मर्मत सम्भार गर्न उपभोक्ताहरुको संगठित संस्था बनाई कोष खडा गरि सञ्चालन गरिनेछ ।

२१. संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयास र लगानीमा दार्मा गाउँपालिकाभित्र शाखा लाइन विस्तार कार्यलाई तिव्रता दिई पूर्ण विद्युतिकरणको प्रक्रिया अघि बढाइनेछ ।

२२. संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गरि मुख्य सडकबाट दार्मा गाउँपालिकाको केन्द्रसम्म आउने सडक र सडक पुलको स्तरवृद्धि गरिनेछ । हरित कृषि सडक सञ्जालको नीति अवलम्बन गर्दै २० प्रतिशत

श्रमदानसहित हरितकृषि सडक निर्माण गरिने छ । सडकको नयाँ ट्याक भन्दा खुलिसकेका ट्र्याकहरुलाई स्तरोन्नति गर्न जोड दिइने छ । पालिका भित्र सडक, फिल्ड लगाएत भौतिक निर्माणको लागि प्रयोग हेभी इक्विबम्यान्ट औजार प्रयोग गरि काम गरेवापत कानुन बनाइ कर लिइने छ । सडक निर्माण तथा स्तरोन्नती गर्दा कम्तिमा ४० प्रतिशत संरचनाको कार्य विनियोजन गरी दीगो विकासको शुरुवातको साथै प्रत्यक्ष रोजगारीलाई बढुवा दिइनेछ । सडकको दीगो व्यवस्थापनको लागि वायोइन्जिनियरिङ्ग प्रविधिलाई अङ्गिकार गरिने छ ।

२३. व्यापक जनसभागिता सहित सिंचाइ संरचना निर्माण गर्न कृषक समूह र कृषि सहकारी मार्फत कार्यान्वयन हुने गरि एकमुष्ट बजेट विनियोजन गर्ने नीति लिइनेछ ।यसरी सञ्चालन हुने योजनाहरुमा ३०% जनश्रमदान अनिवार्य गरिनेछ । सडक पूर्वाधार निर्माण लगायतका कार्य गर्दा भत्किएका सिंचाइ कुला वडाको सिफारिसमा प्राविधिक इस्टिमेट उठाइने छ । तत्काल मर्मतका लागि आवश्यक निर्माण सामग्री खरिद गरि गाउँपालिकाले उपलब्ध गराउनेछ । श्रमदानको काम सम्बन्धित उपभोक्ताहरुलाई गराइने छ ।

२४. नेपाल भूकम्पको जोखिममा रहेको विश्वको ११ औं मुलुक हो । यो क्षेत्र पनि भूकम्पको उच्च जोखिममा छ । भवन लगायतका भौतिक संरचनाहरु भूकम्प प्रतिरोधी बनाउन आवश्यक छ । यसका लागि सिकर्मी र डकर्मीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । भवन आचारसंहितालाई कडाइका साथ लागू गरिने छ ।

२५. DPR भइसकेका सडक पुल र झोलुङ पुलमा आवश्यक बजेट विनियोजनका लागि विशेष पहल गरिनेछ । पुल बनाउन आवश्यक ठाउँहरुमा DPR को काम अगाडि बढाइने छ ।

२६. खेलकुदको विकास र प्रवर्धनका लागि खेलकुद पूर्वधारको विकास गर्ने नीति लिइने छ । खेलमैदान निर्माण भइरहेको सहिद स्मृति रंगशालामा पालिका स्तरको कबड हल निर्माणका लागि पहल गरिनेछ ।

२७. सूचना सञ्चार प्रविधिको सहज र गुणस्तरीय पुहँच पुग्न नसकेको यस दार्मा गाउँपालिकामा गुणस्तरीय फोन सेवा र इन्टरनेटका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ । शीघ्र 4G सहितको इन्टरनेट जडान र टेलिकम टावर रहेको स्थानसम्म विद्युतीकरण गरिने छ ।

२८. बालविवाह, छुवाछुत, महिला हिंसा, बाल श्रम शोषण, मदिरा सेवन तथा बिक्रिवितरण, अन्धविश्वास, कुसंस्कार, कुरीति लगायतका सामाजिक सांस्कृतिक विकृति विसङ्गति विरुद्ध सामाजिक सांस्कृतिक रुपान्तरणको अभियान सञ्चालन गरिनेछ ।

२९. डिप्रेसन र आत्महत्या पनि जटिल सामाजिक समस्याका रुपमा रहेकोले मनोपरामर्श र जीवनप्रतिको आशा जगाउन पहल गरिनेछ । सामाजिक संस्कृति रुपान्तरणका लागि संर्घष गरिरहेका अभियान्ताहरुलाई प्रोत्साहन, अपराधजन्य क्रियाकलापलाई निरुत्साहित र दण्ड सजायलाई थप प्रभावकारी बनाइने छ ।

३०. उत्पादन मार्फत स्वरोजगार सिर्जना र उद्यम विकासका लागि सहकारी संस्था/कृषक समूह/युवा समूह/ निजी फर्म मार्फत कृषिजन्य उत्पादन र कृषिजन्य लघु उद्यम सञ्चालनका लागि कानुन बनाई विशेष अनुदान दिइनेछ ।

३१. कृषिमा चक्लाबन्दी गर्न प्रोत्साहन गर्दै समूह र सहकारी खेतीमा आधारित बजारमुखी उत्पादन गर्न प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. दार्मा गाउँपालिकालाई दुग्ध पकेट क्षेत्रका रुपमा विकास गरिनेछ । पशुमा नश्ल सुधारका लागि कृत्तिम र प्राकृतिक गर्भाधारणलाई व्यवस्थित र नतिजामुखी बनाइनेछ ।

३३. उत्पादनलाई उद्यमसँग जोडिनेछ । उद्यमीलाई प्रोत्साहित गर्न उपाध्यक्षसँग उद्यमी कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. बाँझो जग्गा राख्ने कार्यलाई निरुत्साहित गर्दै ठाउँ सुहाउदो खेती गर्न प्रोत्साहन गरिने छ ।

३५. कृषि तथा पशु पन्छी क्षेत्रलाई व्यवसायिक बनाउन उत्पादन तथा विक्रि परिमाणमा आधारित प्रोत्साहन दिने कार्यक्रम संचालन गरिने छ ।

३६. सहकारी संस्थाहरु मार्फत प्रत्येक वडामा १/ १ गोटा सुपथ मुल्यका खाद्य डिपो सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

३७. दार्मा गाउँपालिभित्र रहेको बेरोजगारी समस्या हल गर्न निर्माण, उत्पादन तथा उद्यम र व्यवसायिक सिप विकास लगायतका प्रत्यक्ष रोजगारी सिर्जना हुने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

३८. सबै करदाताहरुलाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । कर सङ्कलनको कार्यलाई सरल, सहज, सुलभ र कदरदाता मैत्री बनाइनेछ ।

३९. 'स्वच्छ वातावरण, स्वस्थ जीवन' हरियाली दार्माको अभियान सञ्चालन गरिनेछ । जलाधार क्षेत्र र पानीका मुहानहरुको संरक्षणका लागि वृक्षारोपण अभियानका साथै वन तथा वन्यजन्तु विशेष सुरक्षित क्षेत्रको विकास गरिनेछ । जलवायु अनुकूलन योजना बनाइनेछ ।

४०. वन तथा वातावरण जोगाउन तथा घरभित्रको धुँवा नियन्त्रण गरि भान्छामा काम गर्ने महिलाहरुको स्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्न धुँवारहित चुलो बनाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

४१. भौतिक संरचनाहरु निर्माण गर्दा बालमैत्री, अपाङमैत्री, वातावरणमैत्री बनाउन विशेष ध्यान दिइनेछ भने पूर्वाधारको विकास गर्दा हुनसक्ने भूक्षयलाई कम गर्नका लागि बायोइन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिनेछ ।

४२. पर्यटकीय जंगल, पानीका मुहान भएका, धार्मिक पुरातात्विक र वातावरणीय अनुकूलनका क्षेत्रहरुमा डोजर प्रयोग नगरि श्रमपरिचालन मार्फत पदमार्गहरु निर्माण गरिनेछ ।

४३. मालिका, दार्माकोट, मलिबाङ, गुफा, वादने, चिप्ले, त्रिवेणी, ढाकाडामकोट, मैनेरी लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरि पर्यटनको आकर्षक गणतव्यका रुपमा विकास गरिनेछ ।

४४. परम्परागत धर्म, संस्कृति, कला, लोक संगीत, जनसंगीत, पुरातात्विक सम्पदाहरुको संरक्षण तथा जगेर्ना गरिनेछ ।धार्मिक, प्राकृतिक, ऐतिहासिक एवं सांस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिइनेछ ।

४५. प्राकृतिक विपदबाट हुने क्षतिलाई न्यूनीकरण गर्न विपद् पूर्वतयारी, उद्धार तथा राहतको शिघ्र व्यवस्था मिलाइनेछ ।

४६. जनयुद्ध/जनआन्दोलनका सहिद परिवारहरु, बेपत्ता योद्धा परिवार, घाइते, अपाङ योद्धाहरु, पूर्व जनमुक्ति सेनाका योद्धाहरु लगायत मुक्ति र परिवर्तनका लागि योगदान पुर्याएका विशिष्ट व्यक्तिहरुलाई सम्मान, सामाजिक पुर्नस्थापना, सिप विकास तथा आयमूलक कार्यक्रमहरुमा प्राथमिकता दिइनेछ ।

४७. तुलनात्मक रुपमा दलितहरु आर्थिक रुपले विपन्न भए पनि उनीहरु सिपका धनी छन् । उनीहरुको परम्परागत पेसालाई आधुनिकिकरण र व्यवसायीकरण गर्दै लिइने छ । अव्यवस्थित दलित बस्तीलाई योजनावद्ध रुपमा नमुना बस्ती विकास कार्यक्रम सञ्चलान गरिनेछ । मानव अधिकारको विश्वव्यापी मान्यता अनुरुप दलित अधिकारको संरक्षण गर्ने र जातीय छुवाछुत तथा भेदभाव जस्ता अमानवीय गतिविधिलाई निरुत्साहित गर्न सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ । अन्तरजातीय विवाहलाई प्रोत्साहन गरिनेछ ।

:. परिचयपत्रका आधारमा घाइते अपाङ्ग, अतिविपन्न, दलित, जनजाति, ७५ वर्ष माथिका जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, सहिद वेपत्ता परिवार, सामाजिक परिवर्तनका लागि योगदान गर्ने विशिष्ट व्यक्तिहरुलाई सेवा सुविधाहरुमा प्राथमिकता तथा शुल्कमा विशेष छुट दिइनेछ ।

४९. न्यायिक समितिलाई थप क्रियाशिल बनाई मेलमिलापको माध्यमबाट न्याय सम्पादनलाई छिटोछरितो, पारदर्शी र विश्वसनीय बनाइनेछ ।

५०. नागरिक सुरक्षा, न्यायक समितिका फैसला कार्यान्वयन, सार्वजनिक सम्पतिको सुरक्षा तथा विपद् र विकास निर्माणमा परिचालन हुने गरि कानुन बनाई गाउँ प्रहरी गठन गरिनेछ ।

५१. अपाङ्गता भएका नागरिक र अनाथ, असाहय बालबालिका र बाल क्लवहरुका लागि सिफारिसहरु निशुल्क गरिनेछ भने पञ्जीकरण सेवालाई थप सुविधाजनक बनाउदै लगिनेछ ।

५२. आमाबुवाको सम्मान र सामाजिक सुरक्षालाई परिवारस्तरबाटै सुव्यवस्थित गर्न प्रोत्साहन गरिनेछ ।

२. **प्रस्ताव** नं. २ माथि छलफल गर्दा आ.व. २०७७÷०७८ को अनुमानित अनुमानित बजेट, योजना तथा कार्यक्रम मिति २०७७।०३।१० गते पेश गर्न्ने निर्णय गरियो ।